नेपाल सरकार

**गोरखा नगरपालिका कार्यालय**

**गोरखा**

# Back hoe loader खरिद कार्यका लागि सिलवन्दी वोलपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मितिः २०७३ बैशाख ३१ गते

यस नगरपालिकाको लागि एक **Back hoe loader** आवश्यक भएकाले सो को खरिद कार्य सिलवन्दी वोलपत्रद्धारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट ईजाजत (मान्यता) प्राप्त उत्पादक/कम्पनी/अधिकृत विक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वक सिलवन्दी वोलपत्र आह्वान गरिएको व्यहोरा ईच्छुक सम्वन्धित सवैलाई यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. वोलपत्र फाराम यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता र मु.अ. कर दर्ता र गत आ.व.को कर चुक्ता भएको प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न राखि लिखत निवेदन साथ तल उल्लेखित दस्तुर(फिर्ता नहुने गरी) तिरि इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२ खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ सौ दिनको १२:०० बजे भित्र सिलवन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका वोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित वोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । वोलपत्रदाताहरु र निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. वोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।

४. वोलपत्रसाथ जमानत वापतको वोलकवोल अङ्कको २.५ प्रतिशतले हुन आउने रकम रा.वा.बैंक शाखा कार्यालय गोरखा स्थित गोरखा नगरपालिका कार्यालयको धरौटी खाता नं. **४१/६९ ग–३** मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम वरावरको यस कार्यालयको नाउँमा जारी गरिएको विडवण्ड (bid bund) वोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको पेश गर्नुपर्नेछ ।

५. म्याद नाघि आएको रित नपुगेको र सर्त राखिएको वोलपत्र उपर कुनै कारवाही हुने छैन् ।

६. वोलपत्रदाता बाट वोलपत्रमा उल्लेखित मूल्य अभिबृद्धि कर वाहेक रकम उल्लेख गर्नुपर्नेछ । सो दर रेटमा अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएमा केरमेट भएको ठाउमा सहीछाप भएको हुनुपर्नेछ ।

७. यस कार्यालयको हितलाई ध्यानमा राखी वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सवै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८. बोलपत्र स्वीकृत भएपछि कवुल ठेक्का अङ्कको ५ प्रतिशतले हुन आउने रकम वरावरको नगद जम्मा गरेको सक्कलै वैक भौचर वा कम्तीमा १ बर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य वैकबाट यस कार्यालयको नाउँमा जारी गरिएको कार्य जमानत पत्र (परफरमेन्स वण्ड) सम्झौता गर्नूअघि पेश गर्नुपर्नेछ ।

९. वोलपत्र सम्वन्धि कुनै कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा स्थानीय स्वायत्त शासन ऐन/नियम, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

११. बोलपत्र दाखिला गर्ने तथा खुल्ने समयमा सुचनाको हक सम्वन्धि ऐन २०६४ बमोजिम नागरिक समाज तथा सञ्चारकर्मीको समेतको उपस्थितीका लागि अनुरोध गरिएको छ ।

१२. शिलवन्दी वोलपत्रको कामको विवरण निम्नानुसारको हुनुपर्नेछ ।

| ठेक्का नम्वर | कामको विवरण | धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु |
|---|---|---|---|
| 072/73-03 | Back hoe loader संख्या १ (एक) | बोलकवोल अङ्कको २.५ प्रतिशले हुन आउने रकम | १०००।- |

कार्यकारी अधिकृत